# *स्वप्नदृष्टि* महाकाव्यको स्फोटवादी विश्लेषण

डा. प्रेमप्रसाद चौलागाईं
उप-प्राध्यापक, त्रिचन्द्र बहुमुखी क्याम्पस

**लेखसार**

यो लेख स्फोटवादी मान्यताका आधारमा कवि रामप्रसाद ज्ञवालीद्वारा रचित 'स्वप्नदृष्टि' महाकाव्यको अध्ययनमा केन्द्रित छ। 'स्फोट' भनेको भाषाको सुनाइ वा पढाइबाट बन्ने मानसिक बिम्ब(बुद्धिस्थ शब्द) र त्यसबाट व्यक्त हुने अर्थ हो। यिनै शब्द र अर्थको विश्लेषण गर्ने सिद्धान्त स्फोटवाद हो। स्फोटवादले अपोद्धार र स्थितलक्षण गरी दुई किसिमका अर्थ मानेको छ। अपोद्धार अर्थ भनेको भाषिक संरचनाले व्यक्त गर्ने कोशीय र व्याकरणिक अर्थ हो भने स्थितलक्षण अर्थ चाहिँ वक्ता/लेखक, श्रोता/पाठक, परिस्थिति आदिका आधारमा व्यक्त हुने विशिष्ट अर्थ/भाव वा विचार हो। प्रस्तुत महाकाव्यको शीर्षक 'स्वप्नदृष्टि'ले अपोद्धार अर्थका तहमा 'सपनाको हेराइ' भन्ने बुझाएको छ भने स्थितलक्षण अर्थका तहमा 'सुन्दर भविष्यको कल्पनात्मक अवलोकन' वा 'आशावादी जीवनदृष्टि'लाई बुझाएको छ। यस महाकाव्यमा उत्कृष्ट कलात्मक शैलीमा संसार सुखी भएको हेर्ने कविचाहना र त्यसलाई साकार पार्ने दृष्टि प्रस्तुत भएको छ। साध्य सुखलाई प्राप्त गर्ने साधनका रूपमा चाहिँ श्रम, ज्ञान, कुकर्मत्याग, समभाव र खुसीलाई लिइएको छ। यिनै साधनको फलकभित्र कर्तव्य, समर्पण, देशप्रेम, मानवता, पुरुषार्थ, श्रमजीवीप्रतिको पक्षधरता, पुँजीवादी र समाजवादी मुलुकका बिचको द्वन्द्व, शक्तिशाली मुलुकले कमजोर देशमाथि राख्ने हेपाहा प्रवृत्ति आदि बहुविध विषयको अभिव्यञ्जन भएको छ। समग्रमा भन्दा यस महाकाव्यबाट श्रमप्रति निष्ठावान्, ज्ञानी, कुकर्मप्रति घृणा गर्ने, सबैमा समभाव राख्ने र सधैँ खुसी रहन सक्ने व्यक्ति नै सुखी हुन्छ र यसरी सबै व्यक्ति सुखी हुँदा संसार सुखी हुन्छ भन्ने पञ्चसूत्रात्मक जीवनदृष्टि प्रस्तुत भएको छ। यही नै यस महाकाव्यको स्थितलक्षण अर्थ हो। स्थितलक्षण अर्थ काव्यकृति मूल्याङ्कनको मुख्य मापक भएकाले यसका आधारमा भन्दा यो काव्य नेपाली महाकाव्यपरम्परामा भावाभिव्यञ्जनका दृष्टिले *शाकुन्तल*पछिको र विचार प्रस्फुटनका दृष्टिले *शाकुन्तल* र *तरुण तपसी*को समकक्षी काव्यकृतिका रूपमा रहेको छ भन्ने यस लेखको निष्कर्ष हो।

**शब्दकुञ्जी :** स्फोट, प्रकरण, अपोद्धार, स्थितलक्षण, बुद्धिस्थ शब्द।

## विषयप्रवेश

*स्वप्नदृष्टि* (वि.सं. २०७४) कवि रामप्रसाद ज्ञवालीद्वारा रचित यात्रा महाकाव्य हो। महाकाव्यमै विद्यावारिधि गरेका ज्ञवाली नेपाली साहित्यका समकालीन सशक्त स्रष्टा र प्रखर द्रष्टाका रूपमा परिचित छन्। उनका सिर्जना, समालोचना, अनुवाद, पाठ्यपुस्तक आदि विधामा गरी सयभन्दा बढी कृति प्रकाशित भइसकेका छन्। सिर्जनामा कविता, कथा, उपन्यास, नाटक, निबन्ध सबै विधाका कृति प्रकाशित भए पनि उनको सिर्जनाको मुख्य क्षेत्र भनेको कविता नै हो। कविता विधामा उनका *पुतली र भ्रुसिल्किरा, असुरग्याँस, शब्दार्थसौन्दर्य* र *इन्द्रधनुष* गरी चारओटा कविता सङ्ग्रह, *एकादेशमा, हिँडी हिँडी रहूँ* गरी दुइटा खण्डकाव्य र *आँसीको फूल* र *स्वप्नदृष्टि* गरी दुईओटा महाकाव्य प्रकाशित भएका छन्। कविका सिर्जनात्मक कृति प्रकाशनको प्रारम्भ *आँसीको फूल* ( २०५३) महाकाव्यबाट भएको हो। त्यसको २१ वर्षपछि वर्षपछि वि.सं.२०७४ मा कविले *स्वप्नदृष्टि* महाकाव्यको प्रकाशन गरेका छन्। *इन्द्रधनुष* (कविता सङ्ग्रह) र ज्ञवाली सूक्ति सङ्ग्रहबाहेकका सबै सिर्जनात्मक कृति *स्वप्नदृष्टि* महाकाव्यभन्दा अघिका हुन्। यसर्थ यो काव्य कविको दीर्घकालीन साधना, व्युत्पत्तिको प्रबलता र प्रतिभाको परिष्कारका कारण पूववर्ती सिर्जनात्मक कृतिभन्दा गुणवत्ताका दृष्टिले उत्कृष्ट रहेको पूर्वानुमान त गर्न सकिन्छ नै। महाकाव्यका मापक सर्गबद्धता, आख्यानयोजना, भावविधान, लयविभान, भाषाशैली, शिल्पका आधारमा *शाकुन्तल*पछिको उत्कृष्ट र *तरुण तपसी, प्रमिथस* आदिको समकक्षी कृतिका रूपमा रहेको भनी यसको मूल्याङ्कनसमेत भइसकेको छ (अवस्थी, पृ.न-ब)। वस्तुतः काव्यकृति मूल्याङ्कनको मुख्य मापक स्थितलक्षण अर्थ भएकाले यसका आधारमा पूर्ण विश्लेषण गरिसकेपछि मात्र कुनै पनि काव्यको उत्कृष्टताको मापन गर्न सकिन्छ। यसैले स्फोटवाद र त्यसको मुख्य मान्यताका रूपमा रहेको स्थितलक्षण अर्थका आाधारमा *स्वप्नदृष्टि* महाकाव्य काव्यिक गुणवत्ताका दृष्टिले कस्तो छ भन्ने प्राज्ञिक समस्याको समाधानमा यो लेख केन्द्रित छ।

## अध्ययनविधि

यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा *स्वप्नदृष्टि* महाकाव्य रहेको छ भने द्वितीयक सामग्रीअन्तर्गत स्फोटवादसम्बद्ध सामग्रीहरू रहेका छन्। स्फोटवादको चर्चाका लागि भर्तृहरिको *वाक्यपदीय*लाई मुख्य आधार बनाइएको छ। उपर्युक्त दुवै किसिमका सामग्रीको सङ्कलनका लागि पुस्तकालय विधिको उपयोग गरिएको छ। यस अध्ययनमा स्फोटवादले निर्धारण गरेका मान्यताका आधारमा *स्वप्नदृष्टि* महाकाव्यको विश्लेषण गरिएको छ। यसैले यस अध्ययनमा मुख्य रूपमा निगमनात्मक विधिको उपयोग गरिएको छ र आवश्यक स्थलमा त्यसको सहयोगी विधिका रूपमा विश्लेषणात्मक विधिको पनि उपयोग गरिएको छ।

## स्फोटवाद सम्बन्धी सैद्धान्तिक अवधारणा

स्फुरण अर्थ दिने 'स्फुट' धातुमा 'घञ्' प्रत्ययको संयोजन भएर बनेको स्फोट शब्दको सामान्यार्थ सहसा फुट्नु, विस्फोट हुनु, खुल्नु, बाहिरी आवरण फारेर बाहिर निस्कनु वा अन्तर्निहित वस्तु प्रकटित हुनु भन्ने हुन्छ। व्याकरणका सन्दर्भमा चाहिँ 'अर्थको प्रस्फुटन गराउने भाषिक शब्दलाई स्फोट भनिएको छ (द्विवेदी, सन् १९५१, पृ.१२)। यही स्फोटकै आधारमा भाषिक व्यवस्थाको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणालाई स्फोटवाद भनिन्छ।

स्फोटवाद व्याकरणबाट साहित्यमा आएको वाद हो। व्याकरणका सन्दर्भमा स्फोट शब्दको प्रयोग पाणिनिले गरेका छन् तर उनले स्फोटवादको व्याख्या गर्ने सन्दर्भमा नभई पूर्ववर्ती आचार्यको मत उल्लेख गर्ने सन्दर्भमा स्फोटको उल्लेख गरेका छन् (*अष्टाध्यायी*, ६।१।१२३)। स्फोटको अर्थका साथै त्यसका विभिन्न पक्षको चर्चा गर्ने पहिलो व्यक्ति चाहिँ पतञ्जलि हुन्। उनले महाभाष्यमा 'स्फोट बुद्धिस्थ शब्द र ध्वनि शब्दको गुण' हो भन्दै शब्दतत्त्वलाई स्फोट मानेका छन् (*महाभाष्य*, १।१।७०)। यसपछि भर्तृहरि (ई.पाँचौं शताब्दी) ले स्फोटवादकै व्याख्यामा केन्द्रित *वाक्यपदीय* नामक पुस्तकमा पूर्ववर्ती मतको व्याख्या विश्लेषणका साथै आफ्नो मत दिएर दार्शनिक र सैद्धान्तिक दृष्टिले स्फोटको चर्चा गरेकाले यसका मुख्य व्याख्याताका रूपमा भर्तृहरिलाई लिइन्छ।

स्फोटवादले 'जसबाट बुद्धिस्थ शब्द र अर्थ प्रस्फुटित/द्योतित हुन्छ त्यो स्फोट हो' भन्दै बुद्धिस्थ शब्द र अर्थको समन्वित रूपलाई स्फोट मानेको छ। यसैले स्फोटवादले अर्थविनाको शब्द हुँदैन र शब्दले अर्थ व्यक्त गर्नु नै पर्दछ भन्दै शब्द र अर्थका बिच अपृथक् सम्बन्ध स्विकारेको छ (वाक्यपदीय, २।३१)। स्फोटवादले यिनै अन्योन्याश्रित रूपमा रहेका शब्द र अर्थका माध्यमबाट समग्र भाषिक संरचना र अर्थको विश्लेषण गरेको छ।

स्फोटवादका अनुसार शब्द बाह्य र आन्तरिक गरी दुई प्रकारका छन्। ध्वनिसमुदाय/नाद बाह्य शब्द हो भने बुद्धिस्थ शब्द आन्तरिक शब्द हो। बाह्य शब्दले बुद्धिस्थ शब्दलाई अभिव्यञ्जन गर्ने भएकाले बाह्य शब्द/ध्वनिसमुदाय व्यञ्जक हुन् भने बुद्धिस्थ शब्द व्यङ्ग्य हुन् (*वाक्यपदीय*, १।४४)। अर्को तहमा बुद्धिस्थ शब्दले अर्थलाई अभिव्यञ्जन गर्ने भएकाले बुद्धिस्थ शब्द व्यञ्जक हुन् र तिनबाट अभिव्यक्त हुने अर्थ व्यङ्ग्य हो। यही व्यङ्ग्यव्यञ्जक भाव सम्बन्धलाई आधार मानी काव्यशास्त्रीले ध्वनिसिद्धान्तको स्थापना गरेका छन्। काव्यशास्त्री आनन्दवर्धनले मुख्य रूपमा व्यङ्ग्यार्थलाई बुझाउनका लागि ध्वनि शब्दको प्रयोग गरेका छन् र यसमा स्फोटवादको प्रेरणा रहेको उल्लेख गरेका छन्। उनले 'काव्यमा जहाँ शब्द अथवा अर्थले आफ्नो (मुख्य, सङ्केतित) अर्थलाई उपसर्जन (उपेक्षा) गरेर विशेष (काव्योपयुक्त रमणीय) अर्थको अभिव्यञ्जन गर्छ त्यसलाई ध्वनि भनिन्छ (*ध्वन्यालोक*, १.१३) भनी गरेको ध्वनिको परिभाषा स्फोटको परिभाषासँग प्रभावित देखिन्छ र आनन्दवर्धन स्वयम्ले पनि यो कुरा स्वीकार गरेका छन्। यस्तै मम्मटले पनि ध्वनियुक्त काव्यलाई उत्तम काव्य मानेका छन् र ध्वनिसम्बन्धी मान्यता स्फोटवादबाट प्रभावित भएको उल्लेख गरेका छन् (*काव्यप्रकाश*, १।४)। स्फोटवादबाट प्रभावित ध्वनिसिद्धान्तका अनुसार व्यङ्ग्यार्थ नै काव्यको आत्मा

हो र यो वाच्यअर्थ भन्दा भिन्न भएकाले यसलाई प्रतीयमान अर्थ भनिन्छ। ध्वनिसिद्धान्तले पनि स्फोटसिद्धान्तले जस्तै व्यङ्ग्यार्थ प्रतीत हुनुमा वक्ता, प्रकरण आदिको मुख्य भूमिका हुने उल्लेख गरेको छ (*काव्यप्रकाश*, २।१९)। ध्वनिसिद्धान्तले स्फोटवादले जस्तै वाक्यबाट मात्र ध्वनिको बोध हुने उल्लेख गरेको छ। समग्र वाक्यबाट रस, अलङ्कार र वस्तु प्रतीयमान अर्थका रूपमा आउन सक्ने भएकाले ध्वनिलाई पनि रसध्वनि, अलङ्कार ध्वनि र वस्तु ध्वनि गरी तिन प्रकारमा वर्गीकृत गरेको छ भने स्फोटवादले चाहिँ यी तिनै किसिमका ध्वनिलाई स्थितलक्षण अर्थअन्तर्गत समावेश गरेको छ। यसको विस्तृत चर्चा स्थितलक्षण अर्थअन्तर्गत गरिएको छ।

सामान्यतः शब्द रूपभन्दा माथिल्लो र पदभन्दा तल्लो एकाइ हो तर स्फोटवादका सन्दर्भमा चाहिँ शब्दले रूपदेखि वाक्यसम्मका अर्थयुक्त सम्पूर्ण एकाइलाई बुझाउने भएकाले शब्द भनेको अर्थयुक्त भाषिक संरचना हो। धातु, प्रत्यय, उपसर्ग, शब्द र वाक्यले अर्थ बुझाउने भएकाले यी सबै स्फोटअन्तर्गत पर्दछन्। भर्तृहरिले यी सबै किसिमका भाषिक संरचनालाई समेट्नका लागि वाक्यदेखि ध्वनिसम्मका सम्पूर्ण भेदको चर्चा गरेर शब्दस्फोट, पदस्फोट आदिमा वर्गीकरण गरे पनि अखण्ड वाक्यस्फोटलाई नै प्रयोग, संरचना र अर्थ सबै दृष्टिले स्वतन्त्र एकाइका रूपमा लिएका छन्। यसैले भाषिक संरचनामा वाक्यले मात्र स्वतन्त्र र पूर्ण अर्थ दिन सक्छन् (*वाक्यपदीय*, १।६६)। स्वतन्त्र र पूर्ण अर्थ दिने एउटै पद पनि वाक्यकै रूपमा रहेको हुन्छ। बिजुलीको खम्बामा लेखिएको ‘खतरा’ शब्द नभई वाक्य हो। यसमा अन्य एकाइहरूको अध्याहार गर्नुपर्ने हुन्छ। ‘यहाँ खतरा छ’ वाक्य हो र उक्त वाक्यको ’बिजुलीको खम्बामा विद्युत्प्रवाहका कारण सम्भावित विपत्ति भएकाले छुनु हुँदैन’ भन्ने सम्पूर्ण अर्थ एउटै ‘खतरा’ शब्दले दिएको छ। यसमा अन्य पदको अर्थ अध्याहारबाट बुझिन्छ। यसैले स्फोटवादका सन्दर्भमा ‘शब्द’ भन्नाले अर्थयुक्त भाषिक संरचना भन्ने बुझिन्छ।

स्फोटवादका अनुसार अपोद्धारपदार्थ र स्थितलक्षण गरी अर्थ दुई प्रकारका छन्। अपोद्धार अर्थ पदविच्छेदबाट प्राप्त हुने प्रकृति र प्रत्ययनिष्ठ अर्थ हो। यसलाई व्युत्पत्तिलभ्य अर्थ पनि भनिन्छ। जस्तै : ‘दृष्टि’ शब्दमा आएको ‘दृश्’ धातुले हेर्नु भन्ने अर्थ दिएको छ भने ‘ति’ प्रत्यले ‘भाव’ भन्ने अर्थ दिएको छ। यस शब्दबाट समग्रमा ‘हेर्नुको भाव वा हेराइ’ भन्ने अर्थ आएको छ। जसको लक्षण/अर्थ वक्ता, श्रोता, परिस्थिति आदिबाट निश्चित हुन्छ त्यसलाई स्थितलक्षण भनिन्छ। यो अर्थको बोध लक्षणा वा व्यञ्जनाबाट हुने गर्दछ। कुनै पनि शब्द वाक्यमा प्रयुक्त भएपछि मात्र त्यसको अर्थ यही हो भनेर निश्चित हुन्छ (*वाक्यपदीय*, १।५६)। यसैले एउटै ध्वनिसमुदायबाट बनेको शब्दबाट पनि फरकफरक अर्थको अभिव्यक्ति हुन सक्छ। जस्तैः

(क) मैले आज राति देखेको सपना ज्यादै नराम्रो थियो।

(ख) मेरो सपना संसारका सबैलाई सुखी भएको हेर्नु हो।

उपर्युक्त दुई वाक्यमा ‘सपना’ शब्द संरचनाका दृष्टिले एउटै भए पनि यसले बुझाउने अर्थ भने समान छैन। पहहिलो वाक्यमा आएको सपना सुतेको बेला देखिने ‘स्वप्न’लाई बुझाएको छ भने दोस्रो वाक्यको ‘सपना’ शब्दले ‘चाहना’लाई बुझाएको छ। पहिलो वाक्यले बुझाएको अर्थ अपोद्धार

अर्थ हो भने दोस्रो वाक्यमा आएको सपना शब्दले बुझाएको अर्थ स्थितलक्षण अर्थ हो । शब्दमा समानता हुँदाहुँदै पनि अर्थमा वैविध्य आउनुमा प्रयोगले भूमिका खेलेको देखिन्छ । यसैले भर्तृहरिले 'जुन शब्दको उच्चारणबाट जुन अर्थको बोध हुन्छ, त्यही नै त्यसको अर्थ हो' (*वाक्यपदीय,* २।३३०) भन्दै अर्थनिर्धारणका लागि शब्दको संरचना भन्दा पनि प्रयोग पक्षलाई जोड दिएका छन् । उनले शब्दको अर्थ केवल रूपबाट मात्र निर्धारित नभई वाक्यको प्रयोग, प्रकरण/प्रसङ्ग, औचित्य, देश, कालअनुसार निर्धारित हुन्छ (*वाक्यपदीय,* ३।३१४) भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यसैले तलको एउटै वाक्यबाट पनि विविध अर्थको अभिव्यक्ति भएको छ :

(क) अब पाँच बज्यो ।

यस वाक्यको सामान्य अर्थ 'पाँच बजेको समय भयो' भन्ने हो तर यस वाक्यले वक्ता, श्रोता, देश, काल र परिस्थितिअनुसार फरकफरक अर्थ बुझाउन सक्दछ । यो वाक्य वक्ताले पाँच बजेको समयमा कार्यालयमा भनेको हो भने यसको अर्थ 'अब घर जाऔँ' हुन्छ । यही वाक्य रातमा मदिरा पिउने बानी परेको व्यक्तिले भनेको हो भने यसको अर्थ 'अब मदिरा पिउने समय हुन लाग्यो ।' भन्ने हुन्छ । यही वाक्य नैष्ठिक ब्राह्मणले भनेको हो भने यसको अर्थ 'सायङ्कालीन पूजाआरतीको समय हुन लाग्यो' भन्ने हुन्छ । यही वाक्य एउटा चोरले अर्को चोरलाई भनको हो भने चोर्ने जाने समय हुन लाग्यो भन्ने हुन्छ । यसर्थ वक्ता, श्रोता स्थान, समय र प्रकरणअनुसार व्यक्त हुने अर्थ प्रकरणार्थ हो । यिनै प्रकरण, देश, काल र वक्ताका कारण एउटै भाषिक संरचनाले पनि अनन्त अर्थ बुझाउन सक्दछ र काव्यकृतिको मापन पनि यही अर्थका आधारमा हुन्छ । यसरी श्रोतालाई पनि अर्धनिर्धारणको आधार मानेकाले स्फोटवाद पाठककेन्द्री समालोचना सिद्धान्तका रूपमा रहेको देखिन्छ ।

## ***स्वप्नदृष्टि* महाकाव्यको स्फोटवादी विश्लेषण**

स्फोटवादअनुसार महाकाव्यका आवश्यक तत्त्वहरू संरचना, अपोद्धार अर्थ र स्थितलक्षण अर्थ भएकाले महाकाव्यका प्रबन्ध सङ्गठन, लय, भाषा, शिल्प (शब्दालङकार) संरचनाअन्तर्गत, आख्यान, पात्र र परिवेश अपोद्धारअर्थअन्तर्गत र रस, भाव, ध्वनि र शिल्प(अर्थालङ्कार, बिम्ब, प्रतीक) चाहिँ स्थितक्षण अर्थअन्तर्गत समेटिन्छन् । स्थितलक्षण अर्थ भनेको प्रतीयमान/व्यङ्ग्य अर्थ हो । काव्यको सौन्दर्य/मूल्यको मापन यसै अर्थका आधारमा हुने गर्दछ । नेपाली महाकाव्य परम्परामा उदयानन्द अर्यालरचित *पृथ्वीन्द्रोदय* (वि.सं १८४०) देखि अहिलेसम्म १५० भन्दा बढी महाकाव्य रचिए पनि स्थितलक्षण अर्थका आधारमा मूल्याङ्कन गर्दा केही कृति मात्र सफल देखिन्छन् । यसैले यस लेखमा पनि मुख्य रूपमा स्थितलक्षण अर्थका आधारमा महाकाव्यको विश्लेषण गरी यसको वैशिष्ट्य निरूपण गरिन्छ ।

## *स्वप्नदृष्टि* महाकाव्यको संरचना

सैद्धान्तिक खण्डमा उल्लेख भएअनुसार स्फोट भनेको शब्द वा भाषिक संरचना पनि हो । *स्वप्नदृष्टि* महाकाव्यमा शब्दको संयोजनबाट बनेका ४५०४पङ्क्ति र तिनबाट बनेका ११२६ श्लोक (सत्र सर्गमा क्रमशः ६७+३५+५१+८३+६४+९१+६४+६५+९८+४६+५१+७५+६५+६९+७४+६५+६३) लाई १७ सर्गको संरचनामा निबद्ध गरिएको छ । यसमा प्रयुक्त भाषिक संरचना पद्यलयात्मक छ । संरचनालाई लयात्मक बनाउन विभिन्न छन्द र कलात्मक बनाउन अनुप्रास र यमक अलङ्कारको प्रयोग गरिएको छ । मूलभागमा आठ पाउ र चार पङ्क्तिका अनुष्टुप छन्दको प्रयोग गरिएको यस महाकाव्यमा सर्गादि र सर्गान्तमा छन्दपरिवर्तन गरिएकाले छन्दप्रयोगका दृष्टिले पूर्वीय काव्यमान्यतालाई यस काव्यले अनुसरण गरेको देखिन्छ र यसको संरचना/सर्ग सङ्गठन पनि सुन्दर बनेको छ । यसको सर्गादि र सर्गान्तमा प्रयोग गरिएका छन्दहरू शार्दूलविक्रीडित, इन्द्रवज्रा, उपजाति, चित्रलेखा, शिखरिणी, मालिनी, स्रग्धरा, तोटक, मन्दाक्रान्ता, स्रग्विणी, पञ्चचामर, ललितविधाता, उपेन्द्रवज्रा, दुर्मिला, कुसुमविचित्रा, द्रुतविलम्वित, भुजङ्गप्रयात, माला, रूपामाली, लीलालेख, चम्पकमाला, दोधक, पृथ्वी, स्वागता, शालिनी हुन् । यी सबै छन्दको सहज रूपमा भावानुकूल प्रयोग भएकाले जुनसुकै छन्दको पनि सहज प्रयोग गर्न सक्ने सामर्थ्य कविमा रहेको देखिन्छ । महाकाव्यमा श्रुतिमधुर वर्णको प्रयोग भएको माधुर्य गुण, असमस्त पदको प्रयोग भएको वैदर्भी रीति र भाषिक संरचनालाई कलात्मक बनाउने अनुप्रास र यमक अलङ्कारको सहज प्रयोग भएको तथ्य तलको पद्यबाट स्पष्ट हुन्छः

*प्रविधिका विधिका विधिले गरी*<br>
*प्रकृतिका कृतिका कृतिले भरी*<br>
*सृजनका जनका चुलिँदा मति*<br>
*नव छ जीवन जीवनको गति । (ज्ञवाली, २०७४, पृ. १८६)*

यसरी छन्द, गुण, रीति र अलङ्कारको भावानुकूल प्रयोगले यस महाकाव्यको भाषिक संरचना पूर्णतः कलात्मक रहेको स्पष्ट हुन्छ ।

## *स्वप्नदृष्टि* महाकाव्यमा अर्थ

स्फोटवादले भाषिक संरचनाबाट प्रस्फुटन हुने अर्थलाई अपोद्धार र स्थितलक्षण गरी दुई किसिमका मानेको कुरा सैद्धान्तिक खण्डमा उल्लेख गरिएको छ । अपोद्धार अर्थअन्तर्गत कोशीय र व्याकरणिक अर्थ रहने भएकाले महाकाव्यमा कथानक (घटनापुञ्ज र अवस्था), पात्र र परिवेशलाई अपोद्धार अर्थले बुझाएको हुन्छ भने भाव र विचारलाई स्थितलक्षण अर्थले बुझाएको हुन्छ ।

## स्वप्नदृष्टि महाकाव्यमा अपोद्धार अर्थ

यात्रालाई मुख्य विषयवस्तु बनाइएकाले कविले काव्यलाई *स्वप्नदृष्टि यात्रा-महाकाव्य*को संज्ञा दिएका छन्. । यसमा आएका स्वप्नदृष्टि र यात्रामहाकाव्य दुवै समस्त शब्द हुन् । यी दुवै शब्दको अपोद्धार अर्थको बोधका लागि विग्रह र व्युत्पत्ति गर्नुपर्ने हुन्छ । 'स्वप्नको दृष्टि' र 'यात्राको महाकाव्य' यी विग्रहमा आएका चारोटै शब्द व्युत्पन्न शब्द हुन् । 'स्वप्' धातुमा 'नन्' प्रत्ययको संयोजन भएर बनेको स्वप्न शब्दको प्रकृतिप्रत्ययलभ्य अर्थ सपना हो । 'दृश्' धाातुमा 'क्तिन्' प्रत्ययको संयोजन भएर बनेको 'दृष्टि' शब्दको अर्थ 'हेराइ' हो । यात्रामहाकाव्य शब्दमा आएका यात्रा र महाकाव्य शब्द पनि व्युत्पन्न शब्द हुन् । 'या' धातुमा 'ष्ट्रन्'प्रत्यको संयोजन भएको यात्रा शब्दले 'एक ठाउँबाट अर्को ठाउँसम्म जाने काम/भ्रमण/पर्यटनलाई बुझाएको छ । 'महान् छ जुन काव्य' (कविको कर्म) यस विग्रहबाट बनेको महाकाव्य शब्दले महान् संरचना, बृहत् आख्यान, सघन भाव, उदात्त विचार र उत्कृष्ट शिल्प भएको काव्यकृतिलाई बुझाएको छ । यो महाकाव्य यात्राकाव्य भएकाले अन्य अर्थ उपयुक्त भए पनि 'सपनाको हेराइ' भन्ने अपोद्धारअर्थ यस सन्दर्भमा युक्तिसङ्गत प्रतीत हुँदैन । यसैले अर्थको दोस्रो तह 'स्थितलक्षण अर्थ'बाट यसको तात्पर्य स्पस्ट्याउनुपर्ने हुन्छ । यस अर्थका आधारमा भन्दा 'स्वप्नदृष्टि' शब्दले 'आशावादी जीवनदृष्टि'लाई बुझाएको छ । यस शब्दले दिने उक्त अर्थको विस्तृत विश्लेषण चर्चा स्थितलक्षण अर्थअन्तर्गत गरिएको छ ।

अपोद्धार अर्थअन्तर्गत घटना, तिनलाई घटाउने पात्र र ती घटना घटेको परिवेशको बोध हुने भएकाले यस काव्यमा रहेका घटना, पात्र र परिवेश अपोद्धार अर्थ हुन् । पात्र, घटना र परिवेश सँगसँगै रहने भएकाले यस लेखमा यी तीनै तत्त्वको सँगसगै चर्चा गरिन्छ ।

महाकाव्यको पहिलो सर्गको शीर्षक 'पूर्वाभास' शब्दले पूर्वसङ्केतलाई बुझाएको छ । यसैले यस सर्गमा कविको जीवनमा हुने यात्राको पूर्वसङ्केतका सन्दर्भहरू प्रस्तुत भएका छन् । यस सर्गको पहिलो पद्यले महाकाव्यको समग्र विषयवस्तुका रूमा रहेको कविको चाहनालाई प्रस्तुत गरेकाले यो पद्य यस काव्यको वस्तुनिर्देशात्मक मङ्गलाचरणका रूपमा रहेको छ । श्रमबाट धर्ती जगमग बनेको, सबैले एकअर्कालाई स्वच्छ प्रेम गरेको र सबै मानिसको प्रगति भएको र आफूले सारपूर्ण सुन्दर कविता लेखको हेर्ने कविको चाहना यस पहिलो पद्यबाट सङ्केत भएको छ । यस सर्गमा कविले शक्तिशाली र सुन्दर कविता लेख्ने चाहना व्यक्त गरिसकेपछि स्वयम्ले नै कस्तो कविता शक्तिहाली हो भन्ने प्रश्न उठाई मान्छेको मनको मैलो धुन सक्ने, जिन्दगी बदल्न सक्ने कविता नै शक्तिशाली हो भन्ने कुरा एकालापीय शैलीबाट प्रस्तुत गरेका छन् । यसपछि सपनामा कविले आफ्ना पिताजीबाट सिर्जना र श्रमबाट जीवनलाई समुज्जवल बनाउनुपर्ने उपदेश पाएको घटना प्रस्तुत भएको छ ।

'नौलो निमन्त्रणा' शीर्षकको दोस्रो सर्गमा कविले चीन र उत्तरकोरियाको यात्राका निम्ति निमन्त्रणा पाएको प्रसङ्ग प्रस्तुत भएको छ । कविको निवासमै आएका स्रष्टा/सम्पादक निबन्ध आचार्यले स्रष्टा शङ्कर भारतीको नेतृत्वमा कोरिया-चीनको यात्रा साथसाथै हुने र त्यसमा जाने चाहना भए जान सकिने धारणा व्यक्त गर्नु, कविले उक्त यात्रामा आफू सहभागी हुन उत्सुक भएको बताएपछि

शङ्कर भारती घरमै भेट्न आउनु, शङ्कर भारतीले भ्रमणको महत्त्व बताएपछि कविले आफ्नी पत्नी उषालाई पनि साथमा लाने इच्छा गर्नु, साथीहरूसँगको सरसल्लाहपछि शङ्कर भारतीले कविपत्नीलाई पनि साथै लान सकिने बताउनुसम्मका घटना यस सर्गमा रहेका छन् ।

यस्तै 'बादलमाथि' शीर्षकको तेस्रो सर्गमा कविले आफ्नी एकासी वर्षीय आमालाई छोराछोरीको जिम्मा लगाएर पत्नी उषा, स्रष्टा शङ्कर भारती, उज्जन श्रेष्ठ र सुमन श्रेष्ठका साथ काठमाडौँबाट चीनको ल्हासामा पुगेसम्मको प्रसङ्ग, 'महाकविको सम्झना र छेन्दुको तनाव' शीर्षकको चौथो सर्गमा ल्हासामा प्रतीक्षारत रहँदा कविले महाकवि लक्ष्मीप्रसाद देवकोटालाई सम्झेको र छेन्दुमा राति सुत्ने ठाउँ नमिल्दा भएको तनाव, 'भाषासङ्कट र चमत्कार' शीर्षकको पाँचौ सर्गमा चिनियाँ भाषा नजान्दा पाएको दुःख र चीनको ग्रेटवालको भ्रमण गरेको, 'माओको देशमा' शीर्षकको छैटौं सर्गमा चीनको तियानमेन चोकमा राखिएको माओको शव, फर्बिडेन सिटीको उत्कृष्ट कलाकौशल, 'हेभेन मन्दिर'को भव्यता र ग्रीष्म दरबारको अद्भुत सौन्दर्यको अवलोकन गरेको, 'उत्तरकोरियातिर' शीर्षकको सातौँ सर्गमा कविको टोली चीनबाट उत्तरकोरिया जानका लागि विमानस्थल पुगेको, त्यहाँ साथी अशोक र माणिक लामासँग भेट भएको, उडानको क्रममा चिनियाँ भूमि छाडेर उरकोरियाप्रवेश गरेको, 'परिचय' शीर्षकको आठौँ सर्गमा कविटोलीले कोरियामा विश्वस्तरीय सभामा सहभागी भई आफ्ना धारणा प्रस्तुत गरेको, 'साम्राज्यवाद' शीर्षकको नवौँ सर्गमा साम्राज्यवादका बाधा, अत्याचार हटाउन कोरियाले गरेका कर्म र जुछे विचारधाराका भाव बताउन थाइल्यान्ड, जापान, रसिया, नाइजेरिया, मङ्गोलिया, नेपाल, स्पेन, भारत, कोरिया, बेलायत, श्रीलङ्का, अफ्रिकालगायतका विभिन्न देशका सहभागीहरू सम्मिलित गोष्ठीमा कविटोली सहभागी भएर आफ्ना जिज्ञासा राख्दा भारतीय टोलीको नेता गुप्ताबाट त्यस दिनको गोष्ठी भाँडिएपछि अर्को गोष्ठी हुने भन्दै सूचना जारी भएको प्रसङ्ग, 'विधिप्रविधि' शीर्षकको दसौँ सर्गमा नेपाली टोलीका तर्फबाट कोरियालाई उपहार प्रदान गरेको र त्यहाँका प्रविधिको अवलोकन गरेको, 'शिक्षा-पद्धति' नामको एघारौँ सर्गमा कोरियाका विद्यालयको अवलोकन गरेको, 'औपचारिकता' शीर्षकको बाह्रौँ सर्गमा विश्वस्तरीय सङ्गोष्ठीमा सहभागी भएर नेपाली टोलीले आफ्नो मन्तव्य राखेको र गोष्ठी सकिएपछि कोरियाका मन्त्री र उच्च पदाधिकारीका साथ रात्रिभोजमा सहभागी भएको, 'समाधिभवन' शीर्षकको तेह्रौँ सर्गमा कुम्सुसाङ दरबारमा किम इल सुङ र किम इल जोङको समाधिस्थलको अवलोकनका साथै किम इल सुङको जन्म घरको भ्रमण गरेको, 'कल्पनातीत' शीर्षकको चौधौँ सर्गमा किम इल सुङका जीवनी र सङ्घर्षका कुराहरू राखिएको फादरल्यान्ड लिबरेसन वार सङ्ग्रहालयको अवलोकनका क्रममा त्यसको माथिल्लो तलामा देखाइएको रेखाचित्रबाट रङ्ग चित्र हुँदै क्रमशः चलचित्र बन्ने अद्भुत चित्रकलाहरूको अवलोकन गरेको, सहभोज शीर्षकको पन्ध्रौँ सर्गमा विभिन्न देशका सहभागीहरूसँगको सहभोजमा उपस्थित भएको 'चिडिया घर' शीर्षकको सोह्रौँ सर्गमा सर्गमा कोरिया भ्रमणको अन्तिम दिनका बिहान चिडियाघरको भ्रमण र त्यही दिन बेलुकाको विमानबाट काठमाडौँ प्रस्थान गरेको र 'आत्मबोध' शीर्षकको सत्रौँ सर्गमा कविले कोरिया भ्रमणबाट प्राप्त भएको जीवनबोध काव्यमय शैलीमा व्यक्त गरेको प्रसङ्ग रहेका छन् ।

यसरी यस काव्यमा अपोद्धारअर्थअन्तर्गत रहेका घटना, पात्र र परिवेशमध्ये परिवेश मुख्य रूपमा चित्रित भएको छ। परिवेशका तुलनामा आख्यान र पात्र गौण रूपमा प्रस्तुत भएका छन्। यात्राकाव्य भएकाले यस्तो हुनु स्वाभाविकै देखिन्छ।

## स्वप्नदृष्टि महाकाव्यमा स्थितलक्षण अर्थ

स्थितलक्षण अर्थ भनेको काव्यको कोशीय र व्याकरणिक अर्थबाहेकको अर्थ हो र यो वक्ता/लेखक, श्रोता/पाठक र परिस्थिति आदिका आधारमा व्यक्त हुने विशिष्ट अर्थ हो भन्ने कुरा सैद्धान्तिक चर्चामा उल्लेख गरियो। यसैले स्थितलक्षण अर्थअन्तर्गत विचार र भाव पर्दछन्। उदात्त विचार, सघन भाव र कलात्मक भाषा उत्कृष्ट काव्यका परिचायक तत्त्व हुन्। कवि यस विषयमा पूर्णतः सचेत छन् भन्ने कुरा कविकै भनाइहरू "उदात्त चेतनाबाटै सभ्यता बन्छ सुन्दर" (पृ.१०२), "भिजाओस् भावधाराले भन्न पारोस् विचारले" (पृ.४४), "भन्दछन्- कविता बन्छ व्यञ्जनात्मक पाउले" (पृ.४३) बाट स्पष्ट हुन्छ। कवि सचेत भएकाले उपर्युक्त तत्त्वका दृष्टिले महाकाव्य सशक्त छ भन्ने कुरामा पूर्वानुमान गर्न सहयोग पक्कै पुग्दछ तर पनि विश्लेषणको अभावमा किटान गरेर भन्न सकिने स्थिति चाहिँ रहँदैन। यसैले विचारको उदात्तता, भावको सघनता र कलात्मकताका दृष्टिले यो काव्य कस्तो देखा पर्दछ भन्ने विश्लेषणका क्रममा स्थितलक्षण अर्थका माध्यमबाट विचारको उदात्तता र भावको सघनताका बारेमा चर्चा गरिन्छ।

यस काव्यको शीर्षक 'स्वप्नदृष्टि'ले स्थितलक्षण अर्थका तहमा 'सुन्दर भविष्यको कल्पनात्मक अवलोकन' वा 'आशावादी जीवनदृष्टि'लाई बुझाएको छ। यो भनेको 'संसार सुखी भएको हेर्ने चाहना' हो। कविको यो चाहना महाकाव्यको शीर्षक 'स्वप्नदृष्टि', पहिलो सर्गको पहिलो पद्य/मङ्गलाचरण पद्य "देखूँ सुन्दर जिन्दगी प्रगतिका मान्छे उठेको सदा" (पृ.४१) र अन्तिम सर्गको अन्तिम/उपसहांर पद्य 'मान्छेको सुखनिम्ति मानिस बनी सञ्चेतना छर्नु छ' (पृ३०५) बाट प्रस्फुटन भएको छ। मानवीय जीवनको मुख्य उद्देश्य नै सुखप्राप्ति भएकाले काव्यका विभिन्न पद्यमा कविले सुखको महिमा गान गरेका छन् :

*सुख, शान्ति र आनन्द मुख्य उद्देश्य हुन् त्रय*
*जहाँ छन् यी कुरा फुल्छन् त्यहीँ सुन्दर गौरव। (पृ.३००)*

सुखबाट शान्ति र आनन्द तथा शान्ति र आनन्दबाट सुख प्राप्त हुने भएकाले यी तीनै शब्दको सहप्रयोगबाट कविले भौतिक, मानसिक र आध्यात्मिक तीन किसिमको सुखलाई सङ्केत गरेका छन्। यसरी कविले सुखप्राप्तिको उद्देश्य लिएकाले अहिलेको संसारमा सुख, शान्ति र आनन्द छैन भन्ने कुरा स्पष्ट हुन्छ। कवि स्वयंले पनि विभिन्न उपाय अवलम्बन गदागर्दै पनि संसार सुखी हुन नसकेकामा चिन्ता व्यक्त गरेका छन् :

*कसैले सुखका निम्ति धनसम्पत्ति जोड्दछन्*
*कसैले सुखकै निम्ति धनसपत्ति छोड्दछन्*
*सुखखातिर मान्छेले दुःख भोग्छन् घुमी घुमी*
*सुख के हो नबुझ्दैमा बित्छ मानिसको जुनी (पृ.२२८)*

कविको यो भनाइ सार्वभौम चिन्तनका रूपमा रहेको छ। प्राचीन पाषाण युगदेखि अहिले एक्काइसौँ शताब्दीको विकसित सभ्यतामा आइपुग्दा धेरै देशले भौतिक विकास त प्रचुर मात्रामा गरिसकेका छन् तर पनि ती देशमा 'म सुखी भएँ' भन्ने मानिस भेटाउन अत्यन्तै कठिन छ। यसैले अहिले विपन्नदेखि सम्पन्न सबै व्यक्तिको खोजीको विषय भनेको सुख हो। यस काव्यमा कविले पनि सुखप्राप्ति वा समाज रूपान्तरणका लागि चेतना छर्न सक्ने उत्कृष्ट सिर्जना गरेर स्वयं सुखी र संसार सुखी भएको हेर्न चाहेका छन्। यसैले काव्यमा सुखलाई नै साध्य बनाएर प्रस्तुत गरिएको छ। संसारलाई सुखी पार्ने साधनका रूपमा चाहिँ श्रम, शिक्षा, कुकर्मप्रति घृणा, समभाव र खुसीलाई लिइएको छ। यसर्थ यस महाकाव्यबाट श्रमप्रति निष्ठावान्, शिक्षित, दुष्कर्म नगर्ने, सबैमा समभाव राख्ने र सधैँ खुसी रहन सक्ने व्यक्ति नै सुखी हुन्छ भन्ने पञ्चसूत्रात्मक जीवनदृष्टि प्रस्तुत भएको छ। यही पञ्चसूत्रात्मक जीवनदृष्टिको फलकभित्र कर्तव्य, समर्पण, देशप्रेम, मानवता, स्वतन्त्रता, स्वाभिमान, पुरुषार्थ, श्रमजीवीप्रतिको पक्षधरता, पुँजीवादी र समाजवादी मुलुकका बिचको द्वन्द्व, चीन र कोरियाको भौतिक विकास, शक्तिशाली मुलुकले कमजोर देशमाथि राख्ने हेपाहा प्रवृत्ति, कवितासम्बन्धी दृष्टि आदि बहुविध विषय प्रस्तुत भएका छन्। यसैले स्थितलक्षण अर्थअन्तर्गत पञ्चसूत्रात्मक जीवनदृष्टि के कसरी प्रस्तुत भएको छ भन्ने बारेमा चर्चा गरिन्छ।

## श्रमप्रति निष्ठा

श्रमप्रति निष्ठा भनेको आफ्नो काम/कर्तव्यप्रति राखिने श्रद्धा वा आस्था हो। जो व्यक्ति आफ्नो श्रमप्रति श्रद्धावान् छ उसले दुःख पाउनुपर्दैन भन्ने सन्देश दिनु यस काव्यको मुख्य उद्देश्य हो। आज संसारमा जति सिर्जना भएका छन्, जति पनि मुलुको विकास भएको छ त्यसमा श्रमको नै महत्त्वपूर्ण भूमिका रहेको छ भन्दै कविले सुख, समृद्धि र विकासको मुख्य साधनका रूपमा श्रमलाई लिएका छन् :

*मान्छेले नमरेसम्म गर्नै पर्दछ उद्यम*
*बिनाउद्यमले मान्छे बन्न सक्दैन उत्तम। (पृ.५६)*
*उठ्न सक्तैन क्वै मान्छे स्वयं नै नउठेतक*
*स्वाभिमान बचाएर कर्ममा नजुटेतक। (पृ.८९)*

श्रमलाई उच्च सम्मान गर्दै पुरुष महिला सबै समान भएर सधैँ श्रममा जुट्ने भएकाले नै चीन र कोरिया जस्ता देश आत्मनिर्भर बन्न सकेको कविको ठम्याइ छ। यसैले कवि परिवर्तन जीवनको क्रम हो भने त्यसको उच्च आधार भनेको श्रम हो भन्दछन्। श्रममा जुट्न शक्ति दिने आहार, विहार/भ्रमण, विश्रामका कुराहरू पनि काव्यमा अभिव्यक्त भएका छन्। कविले उचित आहार, विहार र विश्रामपूर्वक गरिएको श्रमबाट नै सुख प्राप्त हुने विचार व्यक्त गरेका छन्।

## ज्ञानार्जन

ज्ञानार्जन भनेको ज्ञानको प्राप्ति हो। ज्ञानले मानिसलाई कस्तो कर्म गर्दा सफल भएर सुख प्राप्त हुन्छ भन्ने कुराको मार्गनिर्देशन गर्दछ। यसैले सुखप्राप्तिको मुख्य साधन श्रम भए पनि श्रम सही किसिमले गर्नका लागि ज्ञानको आवश्यकता पर्ने कविको ठम्याइ छ। कुनै विषयवस्तुको सामान्य सूचनादेखि लिएर जीवनबोध, इतिहासबोध, युगबोध हुँदै विश्वबोधसम्मका सबै किसिमका बोध ज्ञानअन्तर्गत पर्दछन्। जबसम्म जीवनमा अज्ञान/भ्रम रहन्छ तबसम्म सही किसिमले श्रम गर्दा सफल हुन नसकिने भएकाले "ज्ञानले भ्रम मेटिन्छ-वर्षाले मूल खुल्दछ" (पृ.४३) भन्दै कविले भ्रमनिवारणपछिको श्रम फलदायी हुने र त्यसबाट सुख प्राप्त हुने विचार व्यक्त गरेका छन् :

*नजान्दा चिनियाँ भाषा लाटाजस्तै बन्यौँ पुनः*
*बन्छ अज्ञान मान्छेको दुःखको मूल कारण (पृ.९६)*

ज्ञानको मुख्य स्रोत सिकाइ भएकाले ज्ञानलाई शिक्षा पनि भनिन्छ। सुखप्राप्तिको साधनका रूपमा रहेको शिक्षाको महत्त्व महाकाव्यमा यत्रतत्र मुखरित भएको छ :

*शिक्षा संज्ञानमा चल्छ, खुल्छ विज्ञानको ध्वनि*
*बाटो लिन्छ समालिन्छ शिक्षा पाएर जीवनी। (पृ.२०५)*

जीवनमा प्रकृति, जीवनभोगाइ, यात्रा आदि धेरै कुराबाट शिक्षा प्राप्त गर्न सकिने भएकाले कविले कोरिया भ्रमणबाट यसका बारेमा रहेका भ्रमहरू नष्ट भएको र भ्रमण पूरापूर हुन नसकेकाले केही बाँकी रहेको विचार व्यक्त गरेका छन्। यसर्थ यस काव्यमा यात्रा पनि ज्ञानको स्रोत र सुखको साधन हो भन्ने विचार व्यक्त भएको छ।

## कुकर्मप्रति घृणा

कुकर्म दुःखको मुख्य कारण भएकाले कुकर्म नगर्नु वा त्यसप्रति घृणा गर्नु पनि सुखप्राप्तिको माध्यम बन्दछ। यसैले कविले मानव, समाज, देश र समग्र संसारकै हितका विरुद्ध कर्म गर्ने व्यक्ति वा देशप्रति घृणा गर्नुपर्छ र सबैले त्यस्तालाई बहिष्कार गर्नुपर्छ, कुकर्मबाट जीवन सफल हुँदैन भन्ने विचार व्यक्त गरेका छन् :

*दुष्कर्ममा जीवनको छ हार*
*सत्कमर्ममै जीवनको छ सार (पृ.५४)*

कुकर्म गर्दा कसैलाई क्षणिक सुखको अनुभूति त हुन सक्ला तर त्यस्तो कर्मबाट परिणामतः न व्यक्ति सुखी हुन सक्छ न त देश वा विश्व नै सुखी रहन सक्छ। साम्राज्यवादी मुलुकका शासकहरू अरू देशलाई होच्याउँदा, हेप्दा वा दुर्व्यवहार गर्दा आफूलाई खुसी ठान्लान् तर समय र परिस्थिति सधैँ अनुकूल रहन्छ भन्ने नभएकाले त्यस कुकर्मको दुष्परिणाम भोग्नु नै पर्छ भन्ने सन्देश काव्यबाट मुखरित भएको छ। यसर्थ संस्कृति अनुसरण गर्नेको सधैँ उन्नति विकृतिमा रमाउनेको सधैँ दुर्गति भनेझैँ सुकर्म सुखको साधन हो भने दुष्कर्म दुःखको कारक भन्ने सन्देश दिनु पनि काव्यको उद्देश्य बनेको छ।

## समभाव

समभाव भनेको सबैमा समानताको भाव राख्नु हो । यसबाट संसार सुखी बन्छ भन्ने विचार काव्यमा व्यक्त भएको छ । समानताको भावको सबैभन्दा ठुलो बाधक भनेको घमन्ड हो । संसारका व्यक्ति वा देशमा कसैसँग धनको, कसैसँग विद्याको, कसैसँग रूपको कसैसँग शक्तिको घमन्ड छ । यसैले "छाडौं गर्न घमन्ड व्यर्थ प्रिय हे ! सद्भावना भर्नु छ ।" (पृ ६३) भन्दै कविले घमन्ड गर्दा कसैको भलो नहुने विचार व्यक्त गरेका छन् । अहिलेका धेरै व्यक्ति वा शासक धन, शक्ति आदि दृष्टिले आफूभन्दा कमजोर व्यक्ति वा देशलाई हेप्न पाएका गौरवबोध गर्दछन् । यही व्यक्ति विशेष वा देशविशेषकै घमन्डका कारण प्रथम विश्वयुद्ध र दोस्रो विश्वयुद्ध भइसकेका छन् । यसैले अहिले शक्तिशाली मुलुकहरूमा मान्छेले मान्छेलाई नै नाकाबन्दी गर्ने र मिल्नेभन्दा भिड्ने प्रवृत्ति दिनानुदिन बढिरहेकामा कविले चिन्ता व्यक्त गरेका छन् (पृ.२०९) । शक्तिशाली मुलुकहरूले आफ्नो घमन्ड नत्याग्ने हो भने तेस्रो विश्वयुद्ध हुन सक्ने सम्भावना व्यक्त गरेका छन् । जबसम्म मानिसमा घमन्ड छ, समभाव छैन तब सम्म मान्छे सुखी हुँदैन भन्ने कविको उद्घोष छ । दोस्रो विश्वयुद्धमा भएको धनजनको क्षतिपछि घमन्डको भावना नष्ट होस् र सबैमा समभावको उदय होस् भनेर संयुक्त राष्ट्रसङ्घको स्थापना भएको हो तर संयुक्त राष्ट्रसङ्घले तयार पारेको आचारसंहिता शक्तिशाली मुलुकहरूका लागि सिद्धान्त/नारामा मात्र सीमित छन्, उनीहरूले व्यवहारमा कार्यान्वयन गरेका छैनन् भन्ने विचार कवि यसरी व्यक्त गर्दछन् :

*आदर्शमा सधैँ देख्छु विश्ववाद उदाउँछ*
*यथार्थमा अझै देख्छु आर्तनाद कराउँछ*
*मेरो मानसमा यौटै जिज्ञासा लहराउँछ*
*विश्वमा' एउटै झन्डा कहिले फर्फराउँछ ॥ (पृ.३०५)*

कवि संसारमा वसुधैव कुटुम्बकम् को भावना जागरण भएको हेर्न चाहन्छन् । यसैले कवि कविताबाट समाज बदलिन्छ र बदलिनुपर्छ भन्दै आफ्ना सशक्त आवाज कविताका माध्यमबाट अभिव्यञ्जन गर्दछन् ।

## खुसी

खुसी भनेको मनमा हुने सुखद अनुभूति/हर्ष/प्रसन्नता हो । जसको मन सधैँ प्रसन्न हुन्छ ऊ सुखी हुन्छ भन्दै कवि काव्यमा खुसी पनि सुखको साधन भएको विचार व्यक्त गर्दछन् :

*दुःखका सुखका निम्ति सोच हो मुख्य कारण*
*दुःखी बन्दैनथ्यो मान्छे धमिलो नभए मन पृ.३०१)*
*मान्छेका कर्मको मुख्य सञ्चालक हुँदा मन*
*बिग्रिने सप्रिने मान्छे 'म-नै' हो मुख्य कारण' पृ.३०४)*

यस्तै स्वतन्त्रतालाई पनि कविले सुखप्राप्तिको साधन मानेका छन् । जीवनमा सबै कुरा छ भने पनि स्वतन्त्रता छैन भने सुख हुँदैन भन्दै सुखप्राप्तिमा स्वतन्त्रताको महत्त्वपूर्ण भूमिका हुने विचार व्यक्त गरेका छन् । यसरी सुखप्राप्तिका सबै उपाय प्रस्तुत गरेर समाज सुखी भएको हेर्ने चाहना स्थितलक्षण अर्थका माध्यमबाट कविले व्यक्त गरेका छन् ।

स्थितलक्षणअन्तर्गत नै रसवादीहरूले स्विकारेको रस पनि समाहित हुने भएकाले रसका दृष्टिले भन्दा यस काव्यमा मुख्य रूपमा शान्त रस अभिव्यक्त भएको छ । कविले आफ्नो जीवनदृष्टि अभिव्यक्त गर्नुलाई मुख्य उद्देश्य बनाएकाले शान्त रसले अङ्गी रसको स्थान पाएको हो । यस्तै कोरियालीहरूले देशको अस्तित्वको रक्षाका लागि देखाएको वीरताको वर्णन गर्दा वीर रस, पत्नी उषासितका कतिपय संवाद र चिनियाँ युवतीको सौन्दर्य वर्णनका कतिपय प्रसङ्गमा शृङ्गार रस अभिव्यक्त भएका छन् । यसैले यस महाकाव्यमा शृङ्गार, वीर र शान्त रसमध्ये एउटा अङ्गी रस हुनुपर्छ भन्ने पूर्वीय मान्यतालाई अनुसरण गरिएको देखिन्छ । यस काव्यमा प्रयुक्त उपमा (मलिलो जल पाएर जसरी अन्न फल्दछन्, सिर्जनाशील मान्छेका त्यसरी सृष्टि चल्दछन्), रूपक (भिजाओस् भावधाराले) उत्प्रेक्षा (नारीझैँ कहिले बन्थ्यो, कहिले नर बन्दथ्यो) आदि अर्थालङ्कारले स्थितलक्षण अर्थको अभिव्यञ्जनमा सघाएका छन् र काव्यलाई कलात्मक पनि बनाएका छन् । यसैले कलात्मकताका दृष्टिले पनि काव्य उत्कृष्ट देखिन्छ ।

स्थितलक्षण अर्थ काव्यकृति मूल्याङ्कनको मुख्य मापक हो । नेपाली महाकाव्य परम्पराका *रामायण, आदर्श राघव, शाकुन्तल, प्रमिथस, चिसो चुह्लो, तरुण तपसी, मृत्युञ्जय, नरसिंहावतार* महाकाव्यलाई उत्कृष्ट काव्य मानिनुमा पनि स्थितलक्षण अर्थको नै महत्त्वपूर्ण भूमिका रहेको छ । स्थितलक्षण अर्थको अभिव्यञ्जनका दृष्टिले उच्च स्तरको *शाकुन्तल* महाकाव्यलाई नेपाली महाकाव्य परम्पराकै उत्कृष्ट काव्यका रूपमा लिनुपर्ने हुन्छ । यस काव्यमा स्थितलक्षण अर्थअन्तर्गतका भाव र विचारमध्ये भावको प्राधान्य छ । *स्वप्नदृष्टि*मा भने भावको भन्दा विचारको प्राधान्य छ । यस्तै *तरुण तपसी* पनि विचारप्रधान काव्य हो । यस आधारमा भन्दा *स्वप्नदृष्टि* नेपाली महाकाव्यपरम्परामा भावाभिव्यञ्जनका दृष्टिले *शाकुन्तल*पछिको र विचार प्रस्फुटनका दृष्टिले *शाकुन्तल* र *तरुण तपसी*को कोटिमा पर्न सफल बनेको छ ।

## निष्कर्ष

कवि रामप्रसाद ज्ञवालीद्वारा रचित *स्वप्नदृष्टि* महाकाव्य जीवनदृष्टि/दार्शनिक चिन्तनको काव्यात्मक रूप हो । स्फोटवादअनुसार यस काव्यको विश्लेषण गर्दा यो संरचना र अर्थ दुवै दृष्टिले उत्कृष्ट महाकाव्यका रूपमा देखा पर्दछ । ४५०४ पङ्क्ति, ११२६ श्लोक र १७ सर्गको संरचनामा निबद्ध यस काव्यको संरचना महाकाव्योचित नै छ । यस्तै अर्थका दृष्टिले यस काव्यमा अपोद्धारअर्थअन्तर्गत रहेका घटना, पात्र र परिवेशमध्ये परिवेश मुख्य रूपमा चित्रित भएको छ । परिवेशका तुलनामा आख्यान र पात्र गौण रूपमा प्रस्तुत भएका छन् । यात्राकाव्य भएकाले यस्तो हुनु स्वाभाविकै देखिन्छ । स्थितलक्षण अर्थका तहमा श्रम, ज्ञान, कुकर्मपरित्याग, समभाव र खुसीबाट सुख मिल्छ

भन्ने पञ्चसूत्रात्मक जीवनदृष्टि प्रस्तुत भएको छ र त्यसैको फलकभित्र देशप्रेम, संस्कृतिप्रेम, भाषाप्रेम, जातीय स्वाभिमानका विषयहरू प्रस्तुत भएका छन् । स्वप्नदृष्टिमा स्थितलक्षण अर्थको प्रधान्य भएकाले यो आख्यानप्रधान काव्य नभई भावभरित विचारप्रधान काव्यका रूपमा रहेको छ । यसैले कतिपय स्थलमा आख्यानतन्तुको विच्छेद भएको छ । भावभरित विचारप्रधान काव्य भएकैले आख्यानतन्तुको विच्छेद हुनुलाई पनि दोष मान्न सकिने स्थिति छैन । स्थितलक्षण अर्थ काव्यकृति मूल्याङ्कनको मुख्य मापक भएकाले र यस महाकाव्यमा सोही अर्थको प्राधान्य रहेकाले काव्यात्मक मूल्यमान्यताका दृष्टिले *स्वप्नदृष्टि* महाकाव्य नेपाली महाकाव्यपरम्पराकै एक उत्कृष्ट काव्यकृतिका रूपमा रहेको छ । जीवनदृष्टिको अभिव्यक्तिका दृष्टिले त यो काव्य *शाकुन्तल* र *तरुण तपसी*कै समकक्षी काव्यका रूपमा रहेको छ ।

## सन्दर्भ सामग्रीहरू


अवस्थी, महादेव. (२०७४). रामप्रसाद ज्ञवालीका कवित्वको अन्तर्विकासको उच्च प्राप्ति. *स्वप्नदृष्टि* (३२८). क-य ।

आनन्दवर्धन. (सन् २०१३). *ध्वन्यालोक* (पुनर्मुद्रण सं). वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

चौलागाईं, प्रेमप्रसाद. (२०७६). स्फोटवाद : भाषिक र साहित्यिक अध्ययनको उपजीव्य सिद्धान्त. *प्रज्ञा*. ११८ (२१३). १३-२५ ।

ज्ञवाली रामप्रसाद. *स्वप्नदृष्टि* (२०७४). काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि. ।

ज्ञवाली रामप्रसाद. (२०७५), नेपाली महाकाव्यमा प्रयुक्त विषयवस्तुको स्रोत र स्वरूप. *प्रज्ञा*. ११७ (२१४).१४१-५० ।

द्विवेदी, कपिलदेव. (सन् १९५१). *अर्थविज्ञान और व्याकरण दर्शन*. इलाहावाद : हिन्दुस्तानी एकेडेमी ।

नेपाल देवीप्रसाद. (२०७४). कवि रामप्रसाद ज्ञवाली वैयक्तिक अनुभूति : निर्वैयक्तिक शब्दचित्र. *स्वप्नदृष्टि*. (३२८).३०६-२६ ।

ईश्वरचन्द्र. (व्याख्या). (२०६०). *अष्टाध्यायी सूत्रपाठ.* दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

शर्मा, काशीनाथ.(सम्पा.).(सन् १९६५) *वाक्यपदीय.* पूना : पुण्यपतन विद्यापीठ ।

शास्त्री, चारुदेव (अनु.).(सन् १९५०). *व्याकरण महाभाष्य.* दिल्ली : मोतीलाल बनारसीदास ।


◆